Making a complaint about our schools

# हाम्रा विद्यालयहरूको बारेमा उजुरी कसरी गर्ने

हामी तुरुन्त उजुरीहरू समाधान गर्न प्रतिबद्ध छौँ, त्यसैले तपाईंले सकेसम्म चाँडो तपाईंका गुनासोहरूको बारेमा हामीलाई थाहा दिनु सबै भन्दा उचित हुन्छ।

केही विषयहरूका लागि विद्यालयका प्रधानाध्यापकसित कुरा गर्नु उपयुक्त हुन सक्छ। यदि तपाईं कसलाई उजुरी गर्ने भनेर निश्चित हुनुहुन्न भने, तपाईंको बच्चाको शिक्षक वा विद्यालयको कार्यालयका कर्मचारीहरूले तपाईंलाई सही सम्पर्क विवरण प्रदान गर्न सक्दछन्।

**समस्याहरूको बारेमा कुरा गर्नु भनेको तिनीहरूलाई समाधान गर्न शुरू गर्ने उत्तम तरिका हुन सक्छ।**

आफ्नो बच्चाको शिक्षकलाई सम्पर्क गरेर, विद्यालयको कार्यालयका कर्मचारीहरूसँग कुरा गरेर, वा हाई स्कूलमा भए सम्बन्धित कक्षावर्षका सल्लाहकार (year advisor) सँग कुरा गरेर शुरू गर्नुहोस्। तपाईं व्यक्तिगत रूपमा, इमेल द्वारा, टेलिफोन मार्फत वा यदि तपाईं चाहनुहुन्छ भने पत्र द्वारा आफ्नो उजुरी उठाउन सक्नुहुन्छ। शिक्षकसँग भेट्ने समय निकाल्नुहोस् वा विद्यालयलाई फोन गर्नुहोस् र अपोइन्टमेन्ट माग्नुहोस्।

**कहिलेकाहिँ हामी तपाईंलाई लिखित रूपमा उजुरी राख्न आग्रह गर्न सक्छौं। विवरणहरू समावेश गर्नुहोस् र तपाईं उजुरीको परिणामको रूपमा के होस् भन्ने चाहनुहुन्छ भनेर हामीलाई बताउनुहोस् ।**

हामी तपाईंलाई तपाईंको उजुरी लिखित रूपमा हाल्न मद्दत गर्न सक्छौं। तपाईंले गुनासो फारम वा Feedback Assist widget पनि प्रयोग गर्न सक्नुहुन्छ - दुवै शिक्षा विभागको वेबसाइटमा छन्। शिक्षकसँग भेट्ने समय निकाल्नुहोस् वा विद्यालयलाई फोन गर्नुहोस् र अपोइन्टमेन्ट माग्नुहोस्।

धेरै अवस्थामा, कर्मचारीहरूले उनीहरूलाई सीधै गरिएको उजुरीको व्यवस्थापन गर्न सक्दछन्। केही उजुरीहरूलाई प्रधानाध्यापक वा कार्यस्थल प्रबन्धकको संलग्नताको आवश्यकता पर्दछ।

उजुरी व्यवस्थापन गर्ने व्यक्तिले चिन्ताको उचित मूल्यांकन गर्नका लागि आवश्यक जानकारी सङ्कलन गर्नेछन् र अगाडि बढ्ने उत्तम तरिकाको बारेमा निर्णय लिनेछन्। उजुरी प्रबन्धकले तपाईंलाई सम्पर्क गर्नु अघि सोधपुछ गर्न सक्छन्।

कुनै उजुरीको जवाफ दिँदा, हामी निम्न मध्येका एक वा बढी कार्य गर्न सक्छौं:

- **सो समस्या समाधान गर्न वा परिस्थितिको सुधार गर्न को लागि कदम चाल्ने**
- **माफी माग्ने**
- **स्पष्टीकरण प्रदान गर्ने**
- **उक्त परिस्थितिलाई अझ राम्रो वा फरक तरिकाले सम्हाल्न सकिन्थ्यो भन्ने स्वीकार्ने**
- **तपाईंको उजुरीको परिणामको रूपमा नीतिहरू पुनरावलोकन गर्ने कार्य गर्ने।**

कहिलेकाहिँ, हामी भएको कुरालाई परिवर्तन गर्न सक्षम नहुन सक्छौँ वा उजुरी प्रबन्धकले परिस्थितिमा प्रारम्भिक निर्णय उपयुक्त थियो भनेर निर्णय गर्न सक्छन्। परिणाम जे सुकै होस्, उजुरी प्रबन्धकले तपाईंलाई उनीहरूको निर्णयको स्पष्ट कारणहरू दिनेछन्। यो एक बैठक वा टेलिफोन वा इमेलमार्फत हुन सक्छ।

**यदि तपाईं परिणामबाट सन्तुष्ट हुनुहुन्न भने,** तपाईंले समस्याहरूको बारेमा कुरा गर्न र आफ्नो चिन्ताहरू अगाडी राख्न उजुरी प्रबन्धकसँग कुरा गर्न आग्रह गर्न सक्नुहुन्छ।

**यदि तपाईं अझै पनि सन्तुष्ट हुनुहुन्न वा उजुरीको परिणाम गलत थियो र / वा उजुरी व्यवस्थापन प्रक्रिया अनुचित थियो भन्ने विश्वास गर्नुहुन्छ भने, तपाईंले पुनरावलोकनको लागि अनुरोध गर्न सक्नुहुन्छ।** सो अनुरोध प्रारम्भिक उजुरी प्रबन्धक वा उनीहरूको पर्यवेक्षकलाई सम्बोधन गर्नुपर्छ।

पुनरावलोकन गर्दा कुनै पनि तरिकाले उजुरीको विषयसँग सम्बन्धित नभएका र उजुरी व्यवस्थापनमा संलग्न नभएका व्यक्तिद्वारा गर्नुपर्दछ।

उजुरीहरूको बाह्य पुनरावलोकनहरु NSW Ombudsman जस्ता संगठनहरूद्वारा गर्न सकिन्छ।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया तपाईंको विद्यालयको प्रधानाध्यापकलाई फोन गर्नुहोस्। यदि तपाईंलाई तपाईंको सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवा (Telephone Interpreter Service) लाई 131 450 मा फोन गर्नुहोस् र तपाईंको भाषाको दोभाषेलाई माग्नुहोस्। अपरेटरलाई तपाईंले फोन गर्न चाहनुभएको फोन नम्बर भन्नुहोस् र अपरेटरले तपाईंलाई कुराकानीमा सहयोग गर्नका लागि लाइनमा एक दोभाषे ल्याउनेछन्। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्नेछैन।